annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक २३२ पृष्ठ ८ | काठमाडौं, शुक्रबार १२ पुस २०८१ | पौष कृष्णपक्ष द्वादशी नेपाल संवत् ११४५ | FRIDAY, DECEMBER 27, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# संविधान संशोधन, गृहकार्यमा सत्तापक्ष

सत्तासीन कांग्रेस र एमालेले संविधान संशोधनको गृहकार्य गर्न मंगलबार कार्यदल बनाउने निर्णय गरे। सत्ता समीकरण बनाउँदा नै यी दुई दलले संविधान संशोधन गर्ने प्रतिबद्धता जनाएका थिए। सरकार बनेको ५ महिनापछि सत्तासीन दुई ठूला दलले संविधान संशोधनको मुद्दा उप्काएपछि राष्ट्रिय राजनीतिमा यो विषयले चर्चा पाउन थालेको छ। १० वर्षमा संविधानको पुनरावलोकन गर्नुपर्ने संवैधानिक व्यवस्था र राजनीतिक स्थायित्वका लागि संविधान संशोधन गर्नुपर्ने ठूला दलको तर्क छ। तर, स्थिरताको नाममा साना दललाई समाप्त पार्ने दाउ रच्न थालिएको साना दलको आरोप छ। यसैकारण, संविधान संशोधनको मुद्दामा फेरि मुलुकमा बहस, छलफल र विमर्शले स्थान पाउने देखिँदै छ।


सुरेन्द्र काफ्ले/राधा खनाल/राजकरण महतो | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

कांग्रेस-एमालेबीच ७ बुँदे सहमति

'राष्ट्रिय सहमतिको सरकारले संविधान प्रारम्भ भएपश्चात् अभ्यासमा देखा परेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनैतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकुलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने।'




संशोधनका लागि कार्यदल बनाउने सहमति

बहसमा संशोधनका ५ मुद्दा

१. शासकीय स्वरूप
प्रत्यक्ष निर्वाचित कि, संसदीय प्रणाली नै ?

२. निर्वाचन प्रणाली
प्रत्यक्ष निर्वाचित कि, मिश्रित नै ?

३. थ्रेस होल्ड
प्रतिशत नै राख्ने कि १० प्रतिशत पुऱ्याउने ?

४. राष्ट्रियसभा अध्यक्ष
उपराष्ट्रपतिलाई जिम्मा दिने कि साविककै राख्ने ?

५. संवैधानिक आयोग
आयोगको संख्या घटाउने वा यथास्थितिमै राख्ने ?

## दक्षिण कोरियाका कार्यवाहक राष्ट्रपतिविरुद्ध पनि महाअभियोग प्रस्ताव



**सियोल** (एजेन्सी) : दक्षिण कोरियाको विपक्षी पार्टीले कार्यवाहक राष्ट्रपति हान डक-सुविरुद्ध महाभियोग प्रस्ताव दायर गरेको छ। कार्यवहाक राष्ट्रपति हानले आफ्ना पूर्ववर्तीलाई पदबाट हटाउने प्रक्रिया पूरा गर्न संवैधानिक अदालतका न्यायाधीश नियुक्त गर्न अस्वीकार गरेपछि विपक्षीले महाअभियोग प्रस्ताव दर्ता गरेको हो।

हाल निलम्बित राष्ट्रपति युन सुक योलले डिसेम्बर ३ मा सैनिक कानुन घोषणा गरेपछि दक्षिण कोरिया राजनीतिक संकटमा परेको छ। यस कार्यलाई लिएर डिसेम्बर १४ मा संसद्‌ले युनको अधिकार खोसेको थियो। तर, महाभियोग प्रक्रिया पूरा गर्न सांसदहरूको निर्णयलाई समर्थन गर्न संवैधानिक अदालतको फैसला आवश्यक छ।

तर, कार्यवाहक राष्ट्रपति हानले संवैधानिक अदालतको ९ सदस्यीय बेन्चलाई पूर्णता दिन तीन जना मनोनीत न्यायाधीशको नियुक्तिलाई अनुमोदन गर्न अस्वीकार गरेका थिए। त्यससँगै अनिवार्य रूपमा युनलाई हटाउने प्रक्रियालाई रोके। त्यसैले विपक्षी डेमोक्रेटिक पार्टीले अब हानलाई पनि महाअभियोग लगाउन खोजिरहेको छ।

'हामीले प्रस्ताव पेस गरेका छौं। र, यसलाई आज पूर्ण अधिवेशनमा रिपोर्ट गर्ने छौँ,' सांसद पार्क सुङ- जुनले हानविरुद्धको कारबाहीबारे राष्ट्रिय सभामा पत्रकारहरूलाई भने, 'हामी यसलाई भोलि मतदानमा राख्ने छौं।'

'हानले तीन न्यायाधीशको औपचारिक नियुक्ति गर्न अस्वीकार गर्नुले उहाँमा संविधान कायम राख्ने इच्छा वा योग्यता छैन भन्ने प्रमाणित गर्छ,' डेमोक्रेटिक पार्टीका फ्लोर लिडर पार्क चान-डाएले पत्रकारहरूलाई भने।

यदि अदालतले थप तीन न्यायाधीशबिना नै महाअभियोग प्रक्रिया अगाडि बढाउने हो भने हालका सबै ६ न्यायाधीश युनलाई पदबाट हटाउन सर्वसम्मतिले सहमत हुनुपर्नेछ। एक मात्र असहमति मतले युनलाई पुनर्बहाली गर्ने छ।

## जाजरकोटमा फेरि भूकम्प, टहरामै त्रसित स्थानीय

राजेन्द्र कार्की | *जाजरकोट*

जाजरकोट बारेकोट गाउँपालिका-५ नायकवाडाका मोतीलाल विश्वकर्मा बिहीबार बिहान उठ्ने तरखर गर्दै थिए। एक्कासि भूकम्पले जमिन हल्लिन थाल्यो, सुतिरहेकी छोरीलाई काखमा च्यापेर बाहिर निस्के। दुई वर्षअघि पत्नीको मृत्यु भएपछि सात वर्षकी छोरीको जिम्मा उनकै काँधमा छ। आर्थिक अभावले गर्दा भूकम्प गएको वर्ष दिन बितिसक्दा पनि उनी टहरामै गुजारा चलाउन बाध्य छन्। गत वर्ष जस्तै ठूलो भूकम्प आउँछ कि भन्ने चिन्ताले उनी दिनभर त्रसित भैरहे।

टहरामा चिसो निकै भएपछि गत वर्षको भूकम्पले चर्किएर ढल्ने अवस्थामा पुगेको घरमै सुत्ने गरेका नायकवाडा दीपबहादुर सिंह पनि भूकम्पको झड्काले झसंग भए। निन्द्रा ब्युझिसकेको थियो। चिसोले गर्दा बाहिर निस्किन सकेको थिइन्, उनले भने, 'एक्कासि भूकम्पले सुतिरहेको बेड र घर हल्लाउन थालेपछि सबै परिवार बाहिर निस्क्यौं। फेरि भूकम्प आउँछ कि भन्ने त्रासले घरभित्र पसेनौं। बाहिरै आगो तापेर बस्यौ।'

बिहीबार बिहान ६ बजेर ३६ मिनेटमा जाजरकोटमा भूकम्प गयो। टहरामा दिन बिताइरहेका अरूमा त्रास फैलियो। ४ दशमलव २ म्याग्निच्युडको भूकम्प गएको राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रले जनाएको छ। केन्द्रका अनुसार जिल्लाको बारेकोट गाँउपालिका-५ नायकवाडालाई केन्द्रविन्दु बनाएर भूकम्प गएको हो। गत वर्ष कात्तिक १७ गते बारेकोट गाउँपालिका-१ रामीडाँडा केन्द्र विन्दु भएर ६ दशमलव ४ म्याग्निच्युडको भूकम्प गएको थियो। उक्त भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा १ सय ५४ जनाको ज्यान गएको थियो। हजारौ निजी घर, विद्यालय र सार्वजनिक भवनमा क्षति पुगेको थियो।



**नलगाड–७ दल्लीमा बादी बस्तीमा रहेको अस्थायी आवास।** ● राजेन्द्र कार्की

भूकम्प गएको १४ महिना पुग्न लाग्दा पनि सरकारी बेवास्ताले गर्दा पीडितहरूको बिजोग छ। भूकम्पपीडितहरू चिसोले गर्दा बिरामी पर्न थालेका छन्। कठ्याग्रिँदो चिसोमा टहरामा झनै चिसो हुने गरेको पीडितहरूको गुनासो छ। टिनको टहरामा शीत चुहिने भएकाले पीडितहरू निकै मारमा परिरहेका छन्।

नलगाड नगरपालिका-४ सार्कीवाडाकी धनमाया विक २१ दिनकी सुत्केरी हुन्। टिनको टहरामा बास छ। उनले भनिन्, 'चिसोले निकै सताउने गरेको छ। चिसोले गर्दा मलाई ज्वरो आउने र टाउको दुख्ने समस्या देखिन थालेको छ। सानो बाबुलाई कसरी जोगाउने भन्ने चिन्ता छ।'

उनी जस्तै भर्खर सुत्केरी भएका आमा र नवजात शिशुहरू बिरामी पर्न थालेपछि उनीहरूलाई चिसोबाट जोगाउन निकै सकस भैरहेको वडाध्यक्ष बद्री पन्तले बताए। अस्थायी टहरामा बस्दै आएका भूकम्पपीडितहरू चिसोले बिरामी पर्न थालेका छन्। नवजात शिशु, बालबालिका, सुत्केरी र ज्येष्ठ नागरिक चिसोको मारमा परेको वडाध्यक्ष पन्तको भनाइ छ।

» बाँकी पृष्ठ ८

## समितिमा विचाराधीन विधेयक अघि बढाउन कांग्रेस-एमाले सहमत

**काठमाडौं** (अन्नपूर्ण ): सत्तासीन कांग्रेस र एमालेको संयुक्त कार्यदलले संसदीय समितिमा विचाराधीन विधेयकलाई अघि बढाउन अन्य दलसँग छलफल गर्ने निर्णय गरेको छ।

कांग्रेस संसदीय दलको कार्यालय सिंहदरबारमा बिहीबार बसेको कार्यदलको बैठकले प्रतिनिधिसभा र राष्ट्रियसभाका समितिमा विचाराधीन रहेका विधेयकलाई संसद्‌को आगामी अधिवेशनबाट पारित गराउनका लागि अन्य दलसँग छलफल गर्ने निर्णय गरेको हो।

अन्य दलका प्रमुख सचेतक र सचेतकसँग छलफल गर्ने जिम्मेवारी कांग्रेसका मुख्य सचेतक श्यामकुमार घिमिरे र एमालेका प्रमुख सचेतक महेश बर्तौलालाई दिइएको कांग्रेस सांसद जीवन परियारले जानकारी दिए। बैठकले संसदीय समितिमा रहेका विधेयकहरूलाई अघि बढाउने विषयमा आआफ्ना दलका सांसदहरूसँग पुस १७ गतेभित्र छलफल गर्ने निर्णय गरेको उनले बताए।

# स्टार्टअप उद्यम कर्जामा ५ हजार प्रस्ताव

## आधाको हात खाली हुने

ममता थापा | *काठमाडौं*

नयाँ ज्ञान र सोच भएका, तर आर्थिक स्रोत नभएका उद्यमीका लागि सरकारले १ अर्ब बजेट छुट्यायो। 'स्टार्ट अप कर्जा' कार्यक्रममार्फत वार्षिक ३ प्रतिशतमा ऋण दिने निर्णय गऱ्यो। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि बनायो। औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले भदौ ११ देखि ३१ गतेसम्म स्टार्टअप उद्यमलाई सहुलियतपूर्ण कर्जाका लागि आह्वान गऱ्यो। जसमा ५ हजार बढी प्रस्ताव परे। प्रत्येक परियोजनालाई ५ लाख मात्रै कर्जा दिइयो भने पनि आधाभन्दा बढी प्रस्तावकको हात खाली हुने अवस्था देखिएको छ। उद्योग मन्त्रालयका अनुसार २० दिनको अवधिमा भौतिक (अफलाइन) र अनलाइन माध्यमबाट ५ हजार १ सय ५८ परियोजना प्रस्ताव परेका छन्।

तर, १ अर्ब रुपैयाँ मात्रै बजेट छ। ३ प्रतिशत ब्याजदरमा बिनाधितो कर्जा दिइनेछ। न्यूनतम ५ लाखदेखि २५ लाख रुपैयाँसम्म कर्जा दिन सकिने कार्यविधिमा छ। तर, ५ लाखको दरले कर्जा दिइयो भने २ हजारले मात्र पाउनेछन्। ३ हजार १ सय ५८ जनाको हात खाली हुनसक्ने देखिन्छ। तर, प्राप्त आवेदनमध्ये कर्जा पाउने सूचीमा कार्यविधिअनुसार मापदण्ड पूरा गर्ने मात्रै यस्ता परियोजना प्राथमिकतामा पर्ने मन्त्रालयले बताएको छ।

मन्त्रालयका सहसचिव तथा प्रवक्ता बाबुराम अधिकारीले मापदण्ड पूरा गरेका परियोजनाहरूको प्रारम्भिक सूची तयार गरेर व्यावसायिक योजना प्रस्तुतीकरणको लागि आमन्त्रण गरिने जानकारी दिए।

» बाँकी पृष्ठ ८




- १ अर्ब बजेट
- बिनाधितो ३% कर्जा
- प्रतिपरियोजना ५ लाखदेखि २५ लाख
- २ हजारले मात्रै पाउने सम्भावना

## स्वदेशी उद्यमीलाई २५ लाखसम्म सुलभ कर्जा

**काठमाडौं** (अन्नपूर्ण) : स्वदेशी उद्यमीले अधिकतम ६ प्रतिशत ब्याजदरमा न्यूनतम ३ लाखदेखि २५ लाख रुपैयाँसम्म सुलभ कर्जा पाउने छन्। यसका लागि मन्त्रिपरिषद्‌ले औद्योगिक तथा लगानी प्रबर्द्धन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ पारित गरेको छ।

उद्योग मन्त्रालयले मंसिर २८ गतेको मन्त्रिपरिषद्‌ले उक्त कार्यविधि पारित गरेको जानकारी सूचनामार्फत सार्वजनिक गरेको छ। नयाँ कार्यविधिअनुसार उद्यमीले बैंकले तोकेको धितो दिन नसक्ने अवस्थामा स्वीकृत परियोजनालाई नै कर्जा सुरक्षण धितोका रूपमा राख्न पाउने छन्। उद्यमीलाई सुलभ कर्जा प्रवाह गरेबापत बैंकले सेवा शुल्कबापत कर्जा रकमको अधिकतम ०.३ प्रतिशतसम्म लिन सक्छन्।

'वार्षिक रूपमा उद्यमीबाट असुलउपर गर्नुपर्ने कर्जाको किस्ता असुली ५० प्रतिशतसम्म भएमा असुल भएको ब्याजको १ प्रतिशत, ५० प्रतिशतदेखि ८० प्रतिशतसम्म भएमा असुल भएको ब्याजको १.५ प्रतिशत र ८० प्रतिशतभन्दा बढी भएमा २ प्रतिशत सेवा शुल्क लिन सकिने छ।

यस्तो कर्जा सबैले पाउँदैनन्। किनभने कार्यविधिले ५ समूहभित्र १९ वटा उपसमूह छुट्याएको छ। विशेष लघु घरेलु तथा साना उद्योग विकासतर्फ, औद्योगिक कच्चा पदार्थ खरिद तथा ढुवानी, प्याकेजिङ, लेवलिङ तथा ब्रान्डिङ, वस्तु विकास र उत्पादन विविधीकरण, उत्पादन, भण्डारण र सुरक्षा, लघु र घरेलु तथा साना उद्योग विकास कार्यका लागि सुलभ कर्जा प्रदान गरिनेछ।

यस्तै प्रविधि विकासतर्फ, प्रविधि खरिद, प्रविधि तथा ज्ञान हस्तान्तरण, प्राविधिक सीप विकास तथा तालिम सञ्चालन, नवीनतम प्रविधिको अध्ययन र अनुसन्धान तथा विकाससम्बन्धी कार्यका कर्जा लिन सकिन्छ।